# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल
# BHARATPUR METROPOLITAN CITY
## Office of Municipal Executive
Bharatpur, Chitwan, Nepal


प.सं : २०७५/०७६
च.नं : (शिक्षा) २२

Email:bmceducationsection@gmail.com

मितिः २०७५।०४।२०

**विषयः छात्रवृत्ति सम्बन्धमा**

सबै संस्थागत विद्यालयहरु,
भरतपुर महानगरपालिका, चितवन ।

प्रस्तुत विषयमा शिक्षा ऐन (संसोधन सहित), २०२८, संस्थागत विद्यालय मापदण्ड तथा सञ्चालन निर्देशिका, २०६९ (संसोधन सहित) र संस्थागत विद्यालय छात्रवृत्ति निर्देशिका, २०७४ वमोजिम सबै संस्थागत विद्यालयहरुले कूल विद्यार्थी संख्याको कम्तिमा १० (दस) प्रतिशतमा नघट्ने गरी विद्यार्थीहरुलाई छात्रवृत्रि उपलब्ध गराउनु पर्ने व्यवस्था रहेको अवगत नै छ । शैक्षिक सत्र शुरु भएको दुई महिनाभित्र छात्रवृत्ति उपलब्ध गराउने प्रकृया पूरा गरी यस महानगरपालिकामा छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको विवरण उपलब्ध गराउनु पर्नेमा केही विद्यालयहरुबाट नियमानुसारको समितिबाट छात्रवृत्ति पाउने विद्यार्थीहरु छनौट गरी छात्रवृत्ति उपलब्ध गराइएको जानकारी हालसम्म प्राप्त नभएकोले यो पत्र लेखिएको छ । नियमानुसार छात्रवृत्ति उपलब्ध गराई २०७५ श्रावण मसान्तभित्र विवरण पठाउनहुन जानकारी गराइन्छ । सो अवधि भित्र पनि विवरण उपलब्ध नगराएमा शिक्षा ऐन (संसोधन सहित), २०२८ को दफा १७ को उपदफा (२)(ग) वमोजिम जरिवाना गरी नियमानुसार छात्रवृत्ति उपलब्ध गराउन लगाइने व्यहोरा जानकारीका लागि अनुरोध छ ।

उप-सचिव

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np
(मन्त्रि परिषद्बाट महानगरपालिका घोषणा मिति फाल्गुन २७, २०७३)